# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश

प.सं.: ०७७/०७८/प्रशासन
च.नं.: ४८८

मिति-२०७७/०५/३०

विषय- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री सम्पूर्ण संस्थागत बिद्यालयहरु

तिलोत्तमा,रुपन्देही

नेपाल सरकार,शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०५/१९ को मा.मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत बिद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ को दफा-३० मा भएको व्यवस्था अनुसार मिति २०७७/०५/२९ को नगर शिक्षा समितिको बैठकले बिद्यार्थीहरुबाट उठाइने शुल्कका सम्बन्धमा तपशिल बमोजिमका निर्णयहरु गरेको हुँदा सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

<u>तपशिल</u>

१.गत शैक्षिक सत्रको मासिक शिक्षण शुल्कलाई चालु शैक्षिक सत्रमा यथावत गर्ने।

२.तोकिएको मासिक शिक्षण शुल्कलाई शतप्रतिशत मानी सोको हुन आउने ७५ प्रतिशत मात्र शुल्क बिद्यार्थीबाट लिने।

३.बुँदा नं.२ वापतको शुल्क २०७७ आषाढ महिनादेखि मात्र लिने ।

४.बुँदा नं.३ बमोजिमको शुल्क बैकल्पिक शिक्षण सिकाइ क्रियाकलापमा सहमागि हुने/भएका बिद्यार्थीहरुबाट मात्र लिने।

५.मासिक शिक्षण शुल्क बाहेक अतिरिक्त क्रियाकलाप शुल्क,यातायात शुल्क,बिज्ञान प्रयोगशाला शुल्क,कम्प्युटर शुल्क, पुस्तकालय शुल्क लगायतका शुल्कहरु सहजरुपमा बिद्यालयमा बिद्यार्थीहरु भौतिकरुपमा उपस्थित नभएसम्म लिन नपाइने।

६.शैक्षिक सत्र २०७६ को कक्षागत शुल्क विवरण अनिवार्यरुपमा २०७७/०६/०४ गतेसम्म नगरपालिकामा पेश गर्ने।

२०७७/०५/३०

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत